पान नं. ६१८४८९२८८

'जीवनलाई अन्न, अन्नलाई पानी
पानीलाई वन, वनलाई संरक्षण'

दर्ता कोड NAW/BA/51/02 ०६/६६ ०६१/०६१

# पारिजात सामुदायिक वन उपभोक्ता समूह

# PARIJAT COMMUNITY FOREST USERS GROUP

बर्दघाट न.पा.-४,६,१२,१३ सरावल गा.पा.-६,७
Bardaghat Na.Pa.-4,6,12,13 Sarawal Ga.Pa.-6,7
नवलपरासी (ब.सु.प.)
Nawalaparasi (B.S.P.)
स्था: २०५४
Estd.: 2054
फोन नं. ०७८-५८०७५७
Phone No.: 078-580757

पत्र संख्या / Dispatch No- 2082/083
चलानी नं. / Ref No- 48

मिति / Date- 2082/08/02

# सुचना-सुचना-सुचना

यस पारिजात सामुदायीक वन उपभोक्ता समुह बर्दघाट ४ न.प को १० वर्षे वन कार्ययोजना नविकरण गर्नु पर्ने भएकाले यस समुहको मिति २०८२।०८।१९ गते बसेको बैठक को निर्णय अनुसार यस समुहको वन संम्बर्द्धन प्रणालीमा आधारित १० वर्षे वन कार्ययोजना नवीकरण गर्ने निर्णय भएकाले मिति २०८२।०९।०२गते देखी २०८२।०९।१६ गते सम्म १५ दिन भित्र यस समुह को कार्यलयमा इच्छुक ब्यक्ति फर्म कम्पनी वा संस्था बाट कोटेशन पेस गर्नका लागी यो सुचना प्रकाशित गरिएको छ। कोटेशन दाखिला गर्दा को अन्तिम मिति मा विदा पर्न गएमा अर्को दिनको ४.०० बजे सम्म कोटेशन दाखिला गर्न सकिनेछ।

नोट :

१ संम्पुर्ण कानुनी प्रकृया पुरा गर्ने कंम्पनी वा संस्थाको मात्र कोटेशन सदर गरिनेछ।

२कोटेशन दाखिला गर्दा शिल बन्दी कोटेशन दाखिला गनु पर्नेछ।

३ कोटेशन दाखिला गर्ने स्थान पारिजात सा.व.उ.स को कार्यलय बर्दघाट ४ न.प

४ कोटेशन दाखिला गर्ने समय दिउँसो ४:०० बजे

(हस्ताक्षर)
[illegible] कुमारी कुँवर
सचिव

## सम्पादकीय

# निर्वाचनको वातावरण बनाउ

सरकारले निर्वाचनको विश्सनीय वातावरण वनेको दावी गर्दै फागुन २१ गते हुने निर्वाचनमा भाग लिन सवै राजनैतिक दलहरूसंग आग्रह गरेको छ। सरकार निर्वाचनको तयारीमा लागिरहँदा राजनीतिक दलहरू भने अझै विश्वसनीय वातावरण बन्न नसकेको भन्दै आशंका गर्दै आएका छन। सरकार र निर्वाचन आयोगले आफुनो तर्फबाट आवश्यक तयारी सुरु गरिसकेका छन। राजनैतिक दलहरूसंग सम्बादको ढोका समेत सरकारले खुला गर्दै विभिन्न समयमा छलफल गर्दै आएको छ। एक हिसावले सरकारको बाहिरी आवरण निर्वाचन गराउनेतर्फ अग्रसरता देखिन्छ। निर्वाचन आयोगलाई समेत सरकारले विश्वासमा लिएको अवस्था छ। तर, राजनैतिक दलहरूमा अझै कहिँकतै संशयको अवस्था देखापरेको छ। यो अवस्थामा सरकारले विश्वासको वातावरण वनाउनेतर्फ ध्यान दिनु जरुरी छ। सरकारले सोमबार मात्रै राजनीतिक सम्बाद समिति गठन गरेको छ। यो समितिको काम कर्तब्य र अधिकारको कुरामाथि पनि प्रश्न उठेको छ। निर्वाचनको तयारी हुँदै गर्दा यस प्रकारको राजनीतिक सम्बाद समितिको औचित्य के हो ? सरकारले जवाफ दिनु जरुरी छ। सरकार निर्वाचनको तयारीमा लागिसकेको हो र फागुन २१ मै निर्वाचन गराउने हो भने आवश्यक संयन्त्रमाथि अव ध्यान दिनु जरुरी छ। त्यसो त सरकारमाथि अहिले चौतर्फी दवाव छ। निर्वाचन गराउन नसक्ने हो भने सरकारमाथि प्रश्न खडा हुने अवस्था छ। एकथरी जेनजीहरूले प्रधानमन्त्री सुशीला कार्कीको राजीनामा माग समेत गरिसकेको अवस्था छ। राष्ट्रिय अन्तर्राष्ट्रिय शक्तिकेन्द्रहरूको चलखेलको अवस्था यही बेला आउन सक्छ। तसर्थ सरकार संयम, जिम्मेवार र होसियार भएर निर्वाचनतर्फको यात्रामा अघि बढोस्। मुलुकको तत्कालीन राजनीतिक निकासको निर्वाचनबाहेक अरू माध्यम केही देखिदैन। तसर्थ सरकार निर्वाचनमै केन्द्रित हुनु जरुरी छ। आम नेपाली जनता समेत पछिल्लो बिग्रदो राजनीतिक परिवेशमा आ- आफ्ना प्रतिनिधि चुन्ने अवसरलाई सदुपयोग गर्न आतुर छन। अतः सवै राजनैतिक दलहरूलाई सहमति र विश्वासमा लिएर निर्वाचनको विश्वसनीयता सिर्जनामा सरकारको ध्यान जाओस्। नेपाली कांग्रैस र नेकपा एमाले लगायतका केही दल अझैपनि संसद पुनर्स्थापनाको आशामा छन। सर्वोच्च अदालतले संसद पुनर्स्थापना गर्ला नगर्ला त्यो भोलिको दिनमा आउने फैसलाबाट स्पष्ट हुनेछ तर देशमा निर्वाचनको वातावरण वनाउने कुरामा कञ्जुस्याई गर्नु हुँदैन। मधेशका राजनैतिक दलहरूले पनि निर्वाच बाहेकको विकल्प देखिरहेका छैनन। उनीहरू पनि निर्वाचनलाई नै आधार बनाएर अहिले मधेश केन्द्रित राजनीतिक गतिविधि गरिरहेका छन। मधेशमा आन्दोलन गरिरहेका दलहरूले उत्तिबेलै निर्वाचनको स्वागत गरेका हुन। तसर्थ हिमाल, पहाड, तराई मधेश सवैतिर निर्वाचनको माहोल बनिरहेको अवस्था भएकोले सवै निर्वाचनमा जानुपर्नेमा अर्को विकल्प सोचेर मुलुकलाई अर्को भडखालोमा धकेल्ने काम किमार्थ गर्नुहुँदैन। तसर्थ नेपाली कांग्रेस, नेकपा एमाले लगायतका राजनीतिक दलहरूले ताजा जनादेशमा जानु नै उत्तम हुनेछ। मुलुक निर्वाचनको दिशामा अघि बढिसकेको सन्दर्भमा संसद पुनर्स्थापनाको आशामा अझै रुमल्लिईरहनु औचित्यपूर्ण सावित हुनेछैन। नेकपा अहिले महाधिवेशनमार्फत नयाँ नेतृत्व चयनको बाटोमा रहेकोले महाधिवेशनले सर्वसम्मतरूपमा निर्वाचनमा जाने संकल्प गरोस। निर्वाचन आयोग समेत निर्वाचनको तयारीमा होमिईसकेकोले निर्वाचन बाहेक मुलुकको लागि अर्को निकास छैन। यो गंभीर सरोकारको सवालमा सरकार अझै संवेदनशील हुनु जरुरी छ। अव सवै राजनैतिक दलहरूलाई विश्वासमा लिएर निर्धारित मितिभन्दा अघिपछि नगरिकन शान्तिपूर्व निर्वाचन सम्पन्न गर्नेतर्फ ध्यान जाओस। मधेशमा पनि विस्तारै निर्वाचनको वातावरण वन्दैछ। मधेशका नेता कार्यकर्ताहरू आफ्नो लयमा निर्वाचन केन्द्रित गतिविधि गर्न थालेका छ्नु। अब निर्वाचनको मितिमा दायाँ बायाँ नगरिकन सवै राजनैतिक दल, सरकार, निर्वाचन आयोग निर्वाचनका लागि तयार होउन। सवै राजनैतिक दलहरूलाई निर्वाचनमा संगै लिएर जाने वातावरण निर्माणका लागि सरकार अझै उदार, संवेदनशील र परिपक्व हुनु जरुरी छ।

# जनजागृतिले मनायो वार्षिकोत्सव




बुटवल (बुटवल टुडे), १ पुस- तिलोत्तमा नगरपालिका-२ योगिकुटीस्थित जनजागृति माध्यमिक विद्यालयले सप्ताहाब्यापी रूपमा विविध कार्यक्रम आयोजना गरी ५३ औं वार्षिकोत्सव तथा अभिभावक दिवस मनाएको छ।

मंगलबार आयोजना गरीएको मूल समारोहको तिलोत्तमा नगरपालिकाका शिक्षा तथा खेलकुद शाखा प्रमुख गंगाराम आचार्यले उद्घाटन गरे। सोही अबसरमा बोल्दै उनले स्थानीय सरकारले शिक्षा र स्वास्थ्यलाई प्राथमिकता दिएको बताए।

गरिखाने शिक्षाले मात्र आत्मनिर्भर बनाउने भन्दै उनले शिक्षाको गुणात्मक विकासका लागि अभिभावको भूमिका महत्त्वपूर्ण भएकाले त्यसतर्फ ध्यान दिन अभिभावकलाई आग्रह गरे। तिलोत्तमा-२ का वडाध्यक्ष डिलबहादुर भट्टराईले विद्यालय भवन मात्र नभइ ज्ञानको ज्योति छर्ने पवित्र मन्दिर रहेको बताए। समय सुहाउदो शिक्षामा सरकारले लगानी बढाउनु पर्ने बताउँदै उनले शिक्षामा लगानी अनुसारको प्रतिफल प्राप्तीका लागि शिक्षकहरू जिम्मेवार भएर लाग्नुपर्ने धारणा राखे।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक टंकप्रसाद पौडेलले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै विगत वर्षमा प्राप्त सफलता, विद्यार्थीहरूको शैक्षिक उपलब्धि, आगामी योजना र विद्यालयको भौतिक तथा शैक्षिक सुधारबारे जानकारी गराए। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेमप्रसाद भुषालले शिक्षकको लगनशीलता र विद्यार्थीको मेहनत तथा अनुशाशनले हरेक वर्ष उत्कृष्ट नतिजा हासिल गर्न सफल भएको बताए।

कार्यक्रममा शिक्षक अभिभावक संघ अध्यक्ष सीता अधिकारी, पूर्व शिक्षक बेलप्रसाद शर्मा, अभिभावक संघ रूपन्देहीका अध्यक्ष लोकनाथ ज्ञवाली, पूर्व विद्यार्थी रोजीना पौडेल, दुर्गादत्त माध्यमिक विद्यालयका प्रधानाध्यापक चण्डीप्रसाद पाण्डे, बाबुराम आचार्य, पूर्णप्रसाद सापकोटा, घनश्याम पाठक, सावित्रा आचार्य, वेलप्रसाद शर्मा, विदुर के.सी.लगायतले आआफ्नो भनाई राखेका थिए।

सोही अबसरमा यसै विद्यालयबाट एसईई उत्तीर्ण गरी एमबीबीएसमा पूर्ण छात्रवृत्ति प्राप्त गर्ने रोजिना पौडेल, प्रदिप पाण्डेय, अञ्जन खड्कालाई सम्मान गरिएको विद्यालयका सहायक प्रधानाध्यापक खेमराज खनाल ले जानकारी दिए। विद्यार्थीहरूले विज्ञान प्रर्दशनी, गणित प्रदर्शनी, चित्रकला प्रदर्शनी र सामाजिक अध्ययन विषयसँग सम्बन्धीत प्रदर्शनी गरेका थिए। कार्यक्रममा विभिन्न सांस्कृतिक कार्यक्रमसँगै विद्यार्थीहरूले कविता वाचन, हापकिडो प्रदर्शन, बिभिन्न जातजातीका भेषभूषासहित नृत्य प्रदर्शन गरेको विद्यालयका अतिरिक्त क्रियाकलाप प्रमुख नरेन्द्रबहादुर क्षेत्रीले जानकारी दिए।

## १२ पास...

सो वडाको प्रमुख चुनौती बाढीको बेला डुबान रहेको हुँदा वडास्तरबाट ती कार्य गर्न सम्भवन नहुने हुदा गाउँपालिका, प्रदेश र संघ सरकारका साथसाथै गण्डक क्षेत्र भएकोले भारतीय पक्ष समेतलाई यो वार्डको डुबान रोक्नका लागि सबैले सहयोग गरिदिन आग्रह समेत गरेका थिए। धनेवा खोला, खजुराखोला, झरही खोलासँगै लिटिल गण्डकको पानी जम्मा हुने तर भारतीयले बनाएको लक्ष्मिपुर बाँधले जलनिकास नहुँदा डुबानको कारण बनेको उनले तर्क राखेका थिए। यसका लागि प्रेस, नागरिक समाज र जिल्ला स्थित सरकारी निकायले पहल गर्नु पर्ने उनले आवश्यकता औंल्याएका थिए।

## राष्ट्रिय...

१६ औ राष्ट्रिय औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सव रूपन्देही उद्योग संघ बुटवलको आयोजनामा पुस ३ गतेबाट १६ गते सम्म संचालन हुने संस्थाका महासचिव सुमन बस्यालले बताए। कार्यक्रममा प्रचार प्रसार उपसमिति संयोजक ई किरन खरेल, पत्रकार यमलाल भुषाल, विनोद परियार लगायतले बोलेका थिए।

## मन्दिरको...

मन्दिर संरक्षण समितिको गठन नहुँदासम्म मन्दिरलाई आर्थिक दायित्व सिर्जना हुने खालका कुनैपनि कार्य नगर्ने नगराउने साथै मन्दिरमा नियमित हुने पुजापाठको लागि आवश्क पर्ने सामग्री मन्दिरको नाममा खरिद गरी लिने र मन्दिर संरक्षण समितिको गठन पश्चात् भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ। मन्दिरमा दैनिक रूपमा सङ्कलन हुने भेटीघाटी सोही दिन मन्दिरको वेव पेज लगायतका सामाजिक सञ्जाल मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाउन नगर प्रमुखले आग्रह गरेका छन्। मन्दिरमा चढाउने बलीको मुड (टाउको) सम्बन्धित पूजा गर्ने बलिदातालाई कुनै पनि शुल्क नलिइ फिर्ता दिनुपर्ने छ।


### श्री ज्ञानज्योति माध्यमिक विद्यालय
देवदह-८ विशालनगर, रूपन्देही

**शिक्षक आवश्यकता**

सूचना प्रकाशित मितिः २०८२।०९।०१

प्रस्तुत विषयमा देवदह नगरपालिकाको च. न. ९७४ मिति २०८२/०८/२९ को अनुमति र यस विद्यालको वि.व्य. स. बैठकको मिति २०८२/०९/०१ गतेको निर्णयअनुसार यस विद्यालयमा नि.मा.वि. तह विज्ञान विषयको रिक्त शिक्षण सिकाई अनुदान कोटामा शिक्षक पदपुर्ति गर्नको लागि यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिलमा उल्लेखित योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट रितपुर्वक दरखास्त आव्हान गरिन्छ।

**तपसिल**

१. **विज्ञापन न.** १/२०८२/०८३ २. **पदः** शिक्षक
३. **तहः** नि.मा. वि. ४. **विषयः** विज्ञान ५. **पद संख्याः** १
६. नियुक्तिको किसिमः शिक्षण सिकाई अनुदान कोटा (करार)
७. **तलब भत्ताः** नेपाल सरकारले तोके बमोजिम
८. **न्युनतम शैक्षिक योग्यताः** विज्ञान विषयमा +२ वा सो सरह
९. **उमेर हदः** १८ पूरा भई ४० वर्ष ननाघेको
१०. **दरखास्त दिने स्थानः** श्री ज्ञानज्योति मा. वि देवदह - ८ विशालनगर / gyanjyoti.devdaha@gmail.com
११. **दरखास्त दिने अन्तिम मिति र समयः** २०८२-०९-१५ गते बिद्यालय समय भित्र
१२. **दरखास्त दस्तुरः** रु. १५००।- (एक हजार पाँचसय रुपैया मात्र)
१३. परीक्षाको मिति र स्थान सम्पर्क मितिमा तोकिने छ।
१४. **परीक्षाको किसिमः** लिखित अन्तरवार्ता र आवश्यकता अनुसार कक्षा अवलोकन
१५. **परीक्षाको पाठ्यक्रमः** शिक्षक सेवा आयोगले तोकेबमोजिम

**आवश्यक कागजातहरु**

■ हस्तलिखित निवेदन ■ नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ■ शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी ■ तालिम र अनुभव भएमा सोको प्रतिलिपि ■ पुनश्च रीत नपुगेको र म्याद नाघि आएको दरखास्त स्वीकृत गरिने छैन।

थप जानकारीको लागि ९८४७१८०५७६ (प्र. अ) ९८४७७४४२५३ (अध्यक्ष)

पुनश्चः शिक्षा सेवा आयोगबाट लुम्बिनी प्रदेशको नि. मा तृतीय श्रेणीको शिक्षक पदपुर्तिको लागि गरिएको विज्ञापन अनुसार करार योग्यता क्रमको सुचीमा रहेका व्यक्तिले आवेदन दिएमा शिक्षा नियमावली २०५९ र शिक्षा सेवा आयोग नियमावली २०५७ अनुसार हुनेछ।

प्रधानाध्यापक

**श्री ज्ञानज्योति माध्यमिक विद्याल**
देवदह - ८, विशालनगर



### Invitation for Sealed Quotation

**Name of the Office: Dharan Sub- Metropolitan City Office, Dharan**
**Address of the Office:Dharan Sunsari**
**Sealed Quotation No:19/DHARAN/WORKS/SQ/082/83**

**Date of Publication : 17-12-2025**

1. The Dharan Sub- Metropolitan City Office, Dharan invites sealed quotations from registered contractors for the construction of Plum concrete wall,RCC bed ,Gabion and Cutoff wall for river protection work at Khahare khola Belgachi Bishal Path, Dharan-9. The Estimated amount for the works is (in NRs.):. 17,19,306.10 (Exclusive of VAT and Contingencies including P.S)
2. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms at t PPMO website www.bolpatra.gov.np.

**Chief Administrative Officer**


# एनसेल फाउन्डेसनद्वारा चौकाहरू बापत २,४०० बढी शैक्षिक सामग्री वितरण गर्ने

काठमाडौं, (बुटवल टुडे), १ पुस- एनसेल फाउन्डेसनले नेपाल प्रिमियर लिग (एनपीएल) दोस्रो संस्करणका बेलामा जनाएको प्रतिबद्धता बमोजिम देशभरका विभिन्न सरकारी तथा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई दुई हजार चार सय २८ वटा शैक्षिक सामग्री वितरण गर्ने घोषणा गरेको छ। प्रत्येक चौकामा चार वटा शैक्षिक सामग्री वितरण गर्ने सामाजिक पहललाई निरन्तरता दिँदै, एनसेलले एनपीएल दोस्रो संस्करणमा पनि हरेक चौकाको प्रहारमा चार वटा शैक्षिक सामग्री प्रदान गर्ने प्रतिबद्धता जनाएको थियो। गत वर्ष सुरु गरिएको यस पहलले क्रिकेटको उत्साहलाई अर्थपूर्ण शैक्षिक सहयोगसँग जोड्दै आएको छ र खेल मैदानमा प्रहार भएका चौकाहरूले विद्यार्थीहरूको पठनपाठनमा सहयोग पुर्‍याउँदै आएको छ। यो पहलले एनसेल फाउन्डेसनको शिक्षा प्रतिको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ।

यो वर्षको एनपीएलका क्रममा ९९ जना खेलाडीले कुल ६०७ वटा चौका प्रहार गरेका थिए, जसका आधारमा दुई हजार चार सय २८ वटा शैक्षिक सामग्रीको वितरण सुनिश्चित भएको छ। पोखरा एभेन्जर्सका एडम रोसिङ्टनले सबैभन्दा धेरै ३१ वटा चौका प्रहार गर्दै १२४ वटा शैक्षिक सामग्रीको वितरण सुनिश्चित गरे। त्यस्तै, २६ वटा चौकासहित लुम्बिनी लायन्सका डार्सी सर्ट दोस्रो स्थानमा रहँदै १०४ वटा शैक्षिक सामग्री सुनिश्चित गरे भने सुदूरपश्चिम रोयल्सका बिनोद भण्डारीले २३ वटा चौका प्रहार गर्दै ९२ वटा शैक्षिक सामग्रीको वितरण सुनिश्चित गरेका छन्।

यो शैक्षिक सामग्री वितरण गर्ने पहलको उद्देश्य विद्यार्थीहरूलाई आवश्यक शैक्षिक स्रोतको अभाव सम्बोधन गर्दै सिकाइमा सहयोग पुर्‍याउनु रहेको छ। यसरी प्रदान गरिने प्रत्येक किटमा स्कुल ब्याग, कापी, पेन्सिल, शार्पनर, इरेजर तथा अध्ययनका लागि आवश्यक अन्य आधारभूत स्टेसनरी सामग्रीहरू समावेश हुन्छ। "यस अर्थपूर्ण सामाजिक पहलमा योगदान पुर्‍याउनु हुने सबै खेलाडीहरूलाई हामी हार्दिक बधाई तथा धन्यवाद व्यक्त गर्दछौं। उहाँहरूको प्रदर्शनले मैदानमा आफ्ना टिमलाई मात्र सशक्त बनाएको छैन, हरेक चौकाले विद्यार्थीको पठनपाठनमा पनि सहयोग पुर्‍याएको छ," एनसेलकी कर्पोरेट कम्युनिकेसन तथा सस्टेनेबिलिटी निर्देशक बिषाखा लक्ष्मी खड्काले भनिन्। "गत वर्षझैं यस वर्ष पनि सम्बन्धित सरोकारवालाहरूसँग सहकार्य गर्दै यस्ता स्रोतको सबैभन्दा बढी आवश्यक पर्ने सरकारी विद्यालयका विद्यार्थीहरूलाई लक्षित गरी यी शैक्षिक सामग्रीहरू वितरण गर्नेछौं।" यस वर्ष पनि एनसेल एनपीएलको 'पावर्ड बाइ' साझेदार रहेको थियो। कम्पनीले दोस्रो संस्करणका प्रत्येक खेलमा सबैभन्दा बढी चौका प्रहार गर्ने खेलाडीलाई रु. २५ हजार नगद पुरस्कार प्रदान गरेको थियो। साथै, पोखरा एभेन्जर्सका एडम रोसिङ्टनले दोस्रो संस्करणमा सबैभन्दा धेरै चौका प्रहार गरेकाले एनसेलबाट रु. २ लाख नगद पुरस्कार प्राप्त गरेका थिए। गत वर्ष, एनपीएलको पहिलो संस्करणमा प्रहार भएका ६५३ चौकाबाट फाउन्डेसनले २,६१२ भन्दा बढी शैक्षिक सामग्री प्रदान गर्ने प्रतिवद्धता जनाएको थियो।


### कृष्णनगर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
कृष्णनगर, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

**बोलपत्र दरभाउ स्वीकृत गर्ने सम्बन्धमा आशयको सूचना**

सूचना प्रकाशित मितिः२०८२।०९।०२

यस कृष्णनगर नगरपालिकाको चौधो नगर सभा आ.व.२०८२/०८३ को बार्षिक कार्यक्रम अन्तर्गत नगरस्तरीय योजनाको उर्जा तर्फ हम्बल होटेल देखि नेपाल विद्युत प्राधिकरण सम्म डेकोरेटिभ लाइटको लागि मिति २०८२।०७।२४ मा बुटवल टुडे राष्ट्रिय पत्रिकामा प्रकाशित Installation of Decorative Light-Humble Hotel to NEA Office सम्बन्धि सूचना बमोजिम पर्न आएका बोलपत्र मध्ये यस कार्यालयको बोलपत्र मुल्यांकन समितिबाट न्युनतम मुल्यांकित भई सारभूत रूपमा प्रभावग्राही भएकोले सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएकोछ।

**तपशिल**

| क्र. स. | ठेक्का नं. | दरभाउदाताको नाम ठेगाना | कबोल अंक(मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | KNM/NCB/WORKS-02/2082/83 (Installation of Decorative Light-Humble Hotel to NEA Office) | Rajan Construction, Hatimuda Gadhi Rural Municipality-02 tharurajesh15@gmail.com phone:9827035574 | 1739975.00 | |

प्रमुख प्रशासकीय अधिकृत



### आम्दा नेपाल
### सिद्धार्थ बाल तथा महिला अस्पताल
बुटवल-७, रूपन्देही, नेपाल
सूचना. न.४३०/२०८२-८३

**दरभाउ प्रस्ताव आवाहन सूचना**

सूचना प्रकाशित मितिः २०८२/०९/०२

आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पतालको लागि आवश्यक मेडिकल उपकरणहरू खरिद गर्नु परेकोले सम्बन्धित निकायबाट इजाजत प्राप्त इच्छुक कम्पनी/फर्महरूबाट यो सूचना प्रकाशन भएको मितिले ७ दिन अर्थात मिति २०८२/०९/०८ गते दिउसो १२:०० बजे भित्र यस अस्पतालमा आईपुग्ने गरि दरभाऊ प्रस्ताव पेश गर्नुहुन आव्हान गरिएको छ। यस सूचना सम्बन्धी विस्तृत जानकारीका लागि आम्दा नेपालको वेबसाईट www.amda.org.np मा हेर्न वा कार्यालय समयमा सिद्धार्थ बाल तथा महिला अस्पतालमा सम्पर्क राख्न सकिनेछ।

| क्र. सं. | विवरण | |
|---|---|---|
| १. | सूचना नं. | ४३०/२०८२-८३ |
| २ | खरिद गरिने वस्तु वा सेवाको संक्षिप्त विवरण | Wall Monitor (5)<br>Portable Monitor (2) |
| ३ | आवश्यक संख्या | ७ (थान) |
| ४ | अनुमानित लागत रकम | ९,९५,०००/- (नौ लाख पन्चानब्बे हजार मात्र)। |
| ५ | दरभाऊ प्रस्ताव आईपुग्नुपर्ने अन्तिम मिति र समय | २०८२/०९/०८ गते दिउँसो १२:०० बजे भित्र। |
| ६ | दरभाउ प्रस्ताव पेश गर्ने माध्यम | शिलबन्दी खाम। |
| ७ | दरभाऊ प्रस्ताव खोल्ने मिति र समय | २०८२/०९/०८ गते दिउसो २.०० बजे। |
| ८ | दरभाऊ पेश गर्ने कार्यालयको नाम, ठेगाना | आम्दा नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल, बुटवल-७ दिपनगर (प्रशासन शाखा)। |

नोटः

१. दरभाऊ प्रस्ताव प्राप्त भए पछी सरसामानको गुणस्तर परिक्षण गर्नु पर्ने देखिएमा नमूना वा आवश्यक कागजात माग गर्न सकिने छ।
२. सूचना सम्बन्धि आवश्यक विवरणहरू (Technical Specification, शर्तहरू) आदि बोलपत्रमा उपलब्ध छ।
३. बोलपत्र फाराम रू. ५००/- नगद तिरी आम्दा नेपाल, सि. बा.म. अस्पतालबाट खरिद गर्न सकिनेछ।
४. जुनसुकै कारणले यस सूचना बमोजिमको खरिद प्रकृया आंशिक वा पूर्णरूपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार आम्दा नेपाल, सि.बा.म. अस्पतालमा मा सुरक्षित राखिएको छ।



**मुद्दा फाँट नं. ३/ मुद्दा नं. ०८१-CP-१०३६**

**कपिलवस्तु जिल्ला अदालतबाट जारी भएको**

जिल्ला कपिलवस्तु, साविक गा.वि.स. निग्लिहवा वडा नं. ९ कुश्मा परिवर्तित कपिलवस्तु नगरपालिका वडा नं. ९ कुश्मा घर भई हाल जिल्ला अर्घाखाँची, सितगंगा नगरपालिका वडा नं. ०४ माईतीमा बस्ने बासुदेव आचार्यको छोरी होतराज शर्माको पत्नी अं. वर्ष २८ की शुसिला शर्माका नाउँको इतलायनामा म्याद उप्रान्त जिल्ला कपिलवस्तु, साविक गा.वि.स. निग्लिहवा वडा नं. ९ कुश्मा परिवर्तित कपिलवस्तु नगरपालिका वडा नं. ९ कुश्माले तपाईको नाउँमा मिति २०८१।११।१२ गते सम्बन्ध विच्छेद मुद्दाको फिरादपत्र यस अदालतमा दिएकोमा तपाईका नाममा जारी भएको म्याद दाइ नाता पर्ने गणेश प्रसाद आचार्यले बुझेको देखिँदा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा म्याद प्रकाशन गर्न भनी भएको यस अदालतको आदेशानुसार प्रस्तुत म्याद जारी गरी प्रकाशित गरिएको छ। म्याद पत्रिकामा प्रकाशित भएको मितिले बाटोको म्याद वाहेक २१ दिन भित्रमा प्रतिउत्तर पत्र र कानुन वमोजिम आफ्नो लिखत प्रमाण समेत लिई यस अदालतमा आफै वा कानून वमोजिम वारेश वा कानून व्यवसायी मार्फत् प्रतिउत्तरपत्र दर्ता गर्नुहोला। म्याद भित्र प्रतिउत्तरलिई तपाई आफै वा वारिस वा कानून व्यवसायी मार्फत उपस्थित हुनु, भएन भने सो मुद्दामा कानून बमोजिम फैसला हुनेछ र भविष्यमा त्यस विषयमा तपाईको कुनै उजुर लाग्ने छैन्।

**ईति सम्वत् २०८२ साल मंसिर महिनाको २९ गते रोज २ मा शुभम्**



### सुचना-सुचना-सुचना

सूचना प्रकाशित मिति: २०८२।०९।०२

यस पारिजात सामुदायीक वन उपभोक्ता समुह बर्दघाट ४ न.प को १० वर्षे वन कार्ययोजना नविकरण गर्नु पर्ने भएकाले यस समुहको मिति २०८२।०८।१९ गते बसेको बैठक को निर्णय अनुसार यस समुहको वन संम्बर्द्धन प्रणालीमा आधारित १० वर्षे वन कार्ययोजना नवीकरण गर्ने निर्णय भएकाले मिति २०८२।०९।०२गते देखी २०८२।०९।१६ गते सम्म १५ दिन भित्र यस समुह को कार्यलयमा इच्छुक ब्यक्ति फर्म कम्पनी वा संस्था बाट कोटेशन पेस गर्नका लागी यो सुचना प्रकाशित गरिएको छ । कोटेशन दाखिला गर्दा को अन्तिम मिति मा विदा पर्न गएमा अर्को दिनको ४.०० बजे सम्म कोटेशन दाखिला गर्न सकिनेछ ।

नोट :

१. संम्पुर्ण कानुनी प्रकृया पुरा गर्ने कंम्पनी वा संस्थाको मात्र कोटेशन सदर गरिनेछ ।
२. कोटेशन दाखिला गर्दा शिल बन्दी कोटेशन दाखिला गनु पर्नेछ ।
३. कोटेशन दाखिला गर्ने स्थान पारिजात सा.व.उ.स को कार्यलय बर्दघाट ४ न.प
४. कोटेशन दाखिला गर्ने समय दिउँसो ४:०० बजे

**पारिजात सामुदायीक वन उपभोक्ता समुह**
**बर्दघाट - ४ न. प.**



### निक्षेप उपर हकदाबी गर्ने सम्बन्धी ३५ दिने सूचना

सूचना प्रकाशित मिति: २०८२/०९/०२

यस वितीय संस्थाको खातावाला रुपन्देही जिल्ला, सिद्धार्थ न.पा.वडा नं. ८ निवासी पत्रिराम विकको नाती मोतीलाल विकको छोरा अमृता विकको पति कवि राज विश्वकर्माको मिति २०८२/०८/०५ गते निधन भएकाले उहाँको नाममा यस वित्तीय संस्थामा रहेको खाता (क्लाइन्ट कोड नं. ०००३३९९७) मा रहेको सम्पूर्ण रकम भुक्तानी पाउँ भनी निजको छोरा नेत्र राज विश्वकर्माले आवश्यक कागजात सहित निवेदन दिनु भएको हुँदा अग्र प्राथमिकतामा अन्य कुनै हकदार भएको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण यस संस्थामा हकदाबी गर्न आउनु होला । म्यादभित्र हकदावी नआएमा निवेदकको निवेदन बमोजिम भई जाने छ, पछि कुनै प्रकारको उजुरी लाग्ने छैन भनी यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**पोखरा फाइनान्स लिमिटेड**
**POKHARA FINANCE LIMITED**
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था
Since 2053

प्रधान कार्यालयः न्यूरोड, पोखरा -९, कास्की, फोन नं ०६१-५४४१३५ , ५४४१३६
Email: info@pokharafinance.com.np, URL: www.pokharafinance.com.np